# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिए पछि ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट मिति २०८२ साल कार्तिक ०२ गते देखि एकीकृत वित्तीय कारोवार शुभारम्भ हुने बारेको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०६/२८)**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त **ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड,** बुटवल, रुपन्देही (राष्ट्रिय स्तर कार्यक्षेत्र भएको) र नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त **समाज लघुवित्त वित्तीय संस्था लिमिटेड,** मलंगवा, सर्लाही, प्रदेश स्तर कार्य क्षेत्र भएको) बीच एक आपसमा गाभ्ने गाभिने (मर्जर) सम्बन्धमा दुवै वित्तीय संस्थाहरुको छुट्टा छुट्टै वार्षिक साधारण सभाबाट पारित विशेष प्रस्ताव बमोजिम नेपाल राष्ट्र बैंकबाट मिति २०८२/०६/२३ मा प्राप्त पत्रबाट दुवै संस्था एक आपसमा गाभ्ने गाभिने कार्य गर्न अन्तिम स्वीकृति प्राप्त भएको र नेपाल सरकार कम्पनी रजिष्टारको कार्यालयबाट गाभिने संस्था समाज लघुवित्त वित्तीय संस्था लिमिटेड, मलंगवा, सर्लाहीको मर्जर हुने अघिल्लो दिनसम्मको सम्पूर्ण सम्पत्ति र दायित्व ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडमा मिलान गर्नको लागि मिति २०८२/०६/२६ गते स्वीकृति प्राप्त भएकोले ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने कार्य सम्पन्न गरी **ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको** नामबाट मिति २०८२/०७/०२ गते आइतबार (तदनुसार 19 October, 2025) का दिन देखि एकीकृत कारोवार गरिने व्यहोरा सम्पूर्ण ग्राहक सदस्य, शेयरधनीहरु, नियमनकारी निकाय तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

गाभ्ने गाभिने (मर्जर) कार्य पश्चात वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय (प्रधान कार्यालय) हाल **ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको** रजिष्टर्ड कार्यालय (प्रधान कार्यालय) रहेको बुटवल उप-महानगरपालिका -१०, रुपन्देहीमा नै रहने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराईन्छ।

साथै, दुवै वित्तीय संस्थाको तथ्याङ्कलाई एउटै सफ्टवेयरमा मिलान (Data Migration) गर्नुपर्ने भएकोले मिति २०८२/०७/०१ गतेका दिन दुवै वित्तीय संस्थाको सम्पूर्ण बैंकिङ्ग कारोवार बन्द रहने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ। यसबाट ग्राहक सदस्यमा पर्नजाने असुविधाप्रति हामी क्षमा प्रार्थी छौं।

**पुनश्च :** मिति २०८२/०७/०२ गते आइतबार (तदनुसार 19October, 2025) का दिन देखि एकीकृत कारोबार हुने भएकोले शेयर लगत एकीकरण लगायत पुन: सूचीकरणको कार्य सम्पन्न नभएसम्म अवधिका लागि मिति २०८२/०७/०१ गतेका दिन देखि शेयर कारोवार बन्द रहने व्यहोरा समेत जानकारी गराइन्छ।

**ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.**
**Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालय: बुटवल-१०, कालिकानगर, रुपन्देही
फोन नं. ०७१-४३८९५१, ४३८९५३, ४३७५२९
Website: www.gblbs.com.np
E-mail: info@gblbs.com.np

**समाज लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Samaj Laghubitta Bittiya Sanstha Limited**

केन्द्रीय कार्यालय: मलंगवा -१० सर्लाही
फोन नं. ०४६-५२१७९५
Website: www.samajlaghubitta.com.np
E-mail: info@samajlaghubitta.com.np